## दन्त प्रत्यारोपणको कति खर्च लाग्छ?

तपाईँका कति वटा दाँत फेर्नुपर्ने वा कस्तो प्रकारको प्रक्रिया अपनाउने भन्ने कुराले तपाईँको प्रत्यारोपणलाई लाग्ने कुल खर्चको निर्धारण गर्दछ । तपाईँले आफ्नो दन्त चिकित्सकबाट उपचारको शुरु गर्नुभन्दा अगाडि पूर्ण विवरण सहित मूल्य सूची पाउनुहुनेछ । परम्परागत फिक्स्ड ब्रिज लगाएर फेर्नुभन्दा प्रत्यारोपण गरेर एउटामात्र दाँत फेर्नु बढि महङ्गो हुन्छ तर त्यसो गर्दा तपाईँले सँगैको स्वस्थ दाँत रेत लगाएर मिलाइराख्नु पर्दैन । केही केसहरूमा तपाईँले नर्वेजियन राष्ट्रिय बीमा योजना अन्तर्गत अनुदानप्राप्त प्रत्यारोपण दन्तचिकित्साको लागि पनि योग्य बन्न सक्नुहुन्छ । तपाईँको दन्त चिकित्सकले नियम र तपाईँले प्राप्त गर्ने सुविधाहरूको बारेमा बताउनुहुनेछ ।



*पछिल्लो पेजमा देखाइएकै बिरामी, ब्रिज राखेर खिचिएको फोटो*

## तपाईँले के गर्नुपर्छ?

- तपाईँको दन्त चिकित्सकलाई आवश्यक सबै स्वास्थ्य जानकारी उपलब्ध गराउनुहोस् ताकि शल्यक्रिया सुरक्षित तबरले गर्न सकियोस् र तपाईँको दन्त चिकित्सकले तपाईँ उपचारको लागि अनुदान प्राप्त गर्न लायक हुनुहुन्छ कि हुन्न भन्ने जानकारी पनि उपलब्ध गराउन सकून् ।
- प्रक्रियाबाट सबैभन्दा उत्तम नतिजा प्राप्त गर्नको लागि शल्यक्रिया गर्नु अगाडि र पछाडि दन्त चिकित्सकको निर्देशनको पालना गर्नुहोस् ।
- प्रत्यारोपण गर्नु केही हप्ता अगाडिदेखि प्रत्यारोपण पछिसम्म सुर्ती सेवन नगर्नुहोस् ।
- दीर्घकालीन नतिजाको लागि प्रत्यारोपित क्राउनको उचित सरसफाइ एकदम जरुरी छ ।

## प्रत्यारोपणको स्याहार र सम्भार

- प्रत्यारोपण तपाईँको स्वास्थ्यको लागि आर्थिक लगानी हो तर लामो समयसम्म टिकाउनको लागि यसलाई उचित स्याहार-सम्भारको आवश्यकता पर्दछ ।
- प्रत्यारोपण वरिपरिको गिजामा रहेको व्याक्टेरियल प्लाक त्यत्तिकै छोड्यो भने गिजा सुन्निने वा सबैभन्दा नराम्रो केसमा प्रत्यारोपण नै खुकुलो (हल्लिने) बनाइदिन सक्छ ।
- प्रत्यारोपणलाई पनि प्राकृतिक दाँतलाई जत्तिकै होरियारीपूर्वक सरसफाइ गर्नपर्ने हुन्छ । गिजाको किनारा र क्राउनमा रहेको प्लाक दैनिक रूपमा बिहान र सुत्नु अगाडि हटाउनुपर्छ । सामान्य टुथब्रसको साथसाथै तपाईँले "बोटल ब्रस" र/वा डेन्टल फ्लसको प्रयोग गर्नुपर्छ ।
- यदि तपाईँले यस्तो उच्चस्तरीय दन्त स्वास्थ्य र स्याहार कायम राख्न सकिने कुरामा विश्वास छैन भने तपाईँको लागि दन्त प्रत्यारोपण सही विकल्प नहुन सक्छ ।
- तपाईँको दन्त चिकित्सक वा दन्त स्वास्थ्यविशेषज्ञलाई मुखको सुस्वास्थ्यको लागि निर्देशन र दैनिक दाँतको स्याहार र सम्भार गर्ने बारेमा सल्लाह माग्नुहोस् ।
- प्रत्यारोपणको पनि प्राकृतिक दाँतको लागि गरे जस्तै दन्त चिकित्सक/दन्त स्वास्थ्य विशेषज्ञबाट परीक्षण गराइराख्नुपर्छ ।







*तीन-एकाइ ब्रिज दुई वटा प्रत्यारोपणमा जोड्न सकिन्छ।*

Norsk Tannvern®
www.tannvern.no

©Norsk Tannvern. Grafisk prod. og design: Trine Suphammer AS.
Foto: Kjell Størksen. Oversettelse: Semantix. Økonomisk støtte: Helsedirektoratet. Brosjyren kan lastes ned gratis fra www.tannvern.no